# भूकम्प प्रभावित आवास पुनःनिर्माण
# लगत संकलन कार्यक्रम २०७२

## परिचय

वि.सं. २०७२ साल वैशाख १२ गतेको विनासकारी भूकम्प र त्यसपछिका पराकम्पनहरुले देशका विभिन्न १४ जिल्लाहरु- ओखलढुङ्गा, सिन्धुली, रामेछाप, दोलखा, रसुवा, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, काठमाडौं, ललितपुर, भक्तपुर, मकवानपुर र गोरखा अति प्रभावित भएका छन् भने अन्य जिल्लाहरुमा समेत जनधन र महत्वपूर्ण भौतिक संरचनाहरुमा ठूलो नोक्सानी पुगेको छ ।

**भूकम्प प्रभावित आवास पुनःनिर्माण लगत संकलन कार्यक्रम २०७२ -** ती अति प्रभावित १४ जिल्लाहरुमध्ये हाल ११ जिल्लाका प्रत्येक परिवारको सामाजिक, आर्थिक तथा जनसांख्यिक विवरण संकलन र ती परिवारहरु वसोवास गर्ने स्वामित्व भएका आवासीय घरहरुको क्षति आँकलन गर्न नेपाल सरकारद्वारा सञ्चालन गरिएको सर्वेक्षण हो ।

यो लगत संकलन कार्यक्रम अर्थ मन्त्रालय र विश्व बैक बीच भएको सम्झौता बमोजिम संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय र राष्ट्रिय योजना आयोगको सहकार्यमा समन्वयात्मक रुपमा सञ्चालन भइरहेको छ । यस कार्यक्रमको पूर्व तयारी देखि नतिजा प्रकाशन सम्मका हरेक क्रियाकलापहरूलाई उच्चतहबाट आवश्यक मार्गदर्शन, समन्वय तथा अनुगमन गर्नको लागि राष्ट्रिय योजना आयोगका सदस्य सचिवज्यूको अध्यक्षतामा एक निर्देशक समिति गठन भएको र केन्द्रीय तथ्याङ्क विभागले सर्वेक्षणको स्थलगत कार्य सञ्चालनमा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको छ ।

## उद्देश्य

विनासकारी भूकम्पबाट अति प्रभावित जिल्लाहरुमा मानवीय राहत तथा भौतिक संरचनाको पुनःनिर्माण कार्यलाई यथाशिघ्र व्यवस्थित ढंगले कार्यान्वयन गर्नका लागि आधार तथ्याङ्क प्राप्त गर्न यो सर्वेक्षण सञ्चालन गरिएको हो । यस सर्वेक्षणमा भूकम्प प्रभावित जिल्लाहरुमा रहेका सबै व्यक्तिगत आवासीय घर र ती घरमा बसोबास गर्ने स्वामित्व भएका परिवारहरु तथा तिनको सदस्यहरुको सामाजिक, आर्थिक तथा जनसांख्यिक विवरणको पूर्ण गणना (Complete Count) गरिनेछ । यस सर्वेक्षणको मूल उद्देश्यहरु निम्नानुसार छन् :

(क) भूकम्प प्रभावित जिल्लाहरुमा आवासीय घरहरुको क्षतिको विवरण संकलन गर्ने,

(ख) भूकम्प प्रभावित जिल्लाहरुका परिवारहरुको सामाजिक आर्थिक तथा जनसांख्यिक विवरण संकलन गर्ने,

(ग) भूकम्प प्रभावित जिल्लाहरुका घर तथा परिवारहरुको विद्युतीय तथ्यांकीय आधार (Digital database) तयार गर्ने ।

## कार्यक्षेत्र

यो सर्वेक्षण कार्य दोलखा जिल्लाबाट शुरु गरी भूकम्पबाट अति प्रभावित अन्य जिल्लाहरुमा क्रमिक रुपमा सञ्चालन हुनेछ । अति प्रभावित जिल्लाका सबै गा.वि.स./न.पा.का वडाहरुमा कुनै पनि आवासीय घर र परिवार नछुट्ने गरी लगत संकलन गरिने छ ।

## सर्वेक्षण विधि

यस अघि पनि विभिन्न संघसंस्थाहरुले भूकम्प प्रभावित जिल्लाहरुमा आ-आफ्नै विधि र तरिकाले लगत संकलन गरेका थिए । तर हाल गर्न लागिएको लगत संकलन कार्य नेपाल सरकारले अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त र स्तरीय विधि प्रयोग गरी सञ्चालन गर्दैछ । त्यसैगरी यस सर्वेक्षणमा सम्बन्धित विषयका विज्ञहरुबाटै प्रभावित घरहरुको अवलोकन गरी निश्चित ढाँचाको प्रश्नावली भरिने भएकोले क्षतिको सत्य तथ्य विवरण प्राप्त हुने अपेक्षा गरिएको छ ।

यस सर्वेक्षणमा विज्ञ सर्भेयरहरूले ट्याब्लेट प्रयोग गरी संकलन गरेको तथ्याङ्क इन्टनेटमार्फत् सोझै सिंहदरबारस्थित सरकारी एकीकृत डाटा सेन्टरमा रहेको केन्द्रीय तथ्याङ्क विभागको सर्भरमा पठाउने छन् ।

## सर्वेक्षणको महत्व

नेपाल सरकारको आ.व. २०७२/७३ को नीति तथा कार्यक्रममा भूकम्पबाट भएको क्षतिग्रस्त संरचनाको पाँच वर्षभित्र पुन:निर्माण गरिसक्ने विषय प्रमुख प्राथमिकताका साथ उल्लेख गरिएको छ ।

यस सर्वेक्षणबाट प्राप्त हुने तथ्याङ्कले पुन:निर्माणका लागि अन्तर्राष्ट्रिय वित्तीय सहयोग परिचालन गर्न अहम् भूमिका निभाउने छ । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुको सहकार्यमा भइरहेको यस सर्वेक्षणबाट तयार हुने तथ्याङ्क अन्तर्राष्ट्रियस्तरमा पनि मान्यता प्राप्त तथ्याङ्कीय आधार हुनेछ ।

निर्धारित मापदण्डका आधारमा संकलन गरिने विवरणले तथ्यमा आधारित (Evidence Based) पुन:निर्माण तथा आवास योजना निर्माण र त्यसको कार्यान्वयन गर्न सहयोग पुऱ्याउने समेत विश्वास गरिएको छ ।

त्यसैगरी यसबाट प्रत्येक आवासीय घरको क्षतिको आँकलन र परिवारको विस्तृत विवरण प्राप्त हुने भएकोले वास्तविक पिडितहरुको पहिचान गरी क्षति पुगेका घरको पुन:निर्माणका लागि तोकिएको सहयोग वितरण गर्नका लागि मापदण्ड कायम गर्न भरपर्दो आधार तयार हुनेछ ।

## सहयोगको लागि अनुरोध

भूकम्प अति प्रभावित १४ जिल्लाहरूमा बसोबास गर्ने सम्पूर्ण घरपरिवारहरूको घरदैलोमा पुगी सबै घर, परिवार र व्यक्तिहरूको विवरण संकलन गरिने यो कार्य भूकम्पपछिको पुन:निर्माणका लागि एक महत्वपूर्ण कदम हो । त्यसैले यस कार्यमा सम्पूर्ण जनसमुदायको सहयोग अत्यन्त महत्वपूर्ण रहेको छ ।

सर्वेक्षणमा आफ्नो घर र परिवारसँग सम्बन्धित विवरण तपाईंको घरदैलोमा खटिएर आउनु हुने सर्वेयरलाई उपलब्ध गराई सर्वेक्षण कार्यलाई सफल बनाउन आवश्यक सहयोग गरिदिनु हुन सबै परिवार तथा सरोकारवालाहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

सर्वेक्षण सम्बन्धी थप जानकारीका लागि केन्द्रीय तथ्याङ्क विभागको टोल फ्रि नम्बरहरु १६६००१२२२२१ (नेपाल टेलिकम प्रयोगकर्ताका लागि), ९८०१५७१००६ (एनसेल प्रयोगकर्ताका लागि) मा सम्पर्क गर्न सकिन्छ ।

**नेपाल सरकार**
**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

**नेपाल सरकार**
**राष्ट्रिय योजना आयोगको सचिवालय**
**केन्द्रीय तथ्याङ्क विभाग**

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**